Lokadarpana
Vol. VI, No. 1, 29-41, April, 2026
Pandit Shree Lokanath Luitel Smriti Pratishthan, Dharan
ORCiD:0009000712238330

# स्फोटात्मक शब्दब्रह्म र भक्तिसाध्य सनातन मोक्षविचार

**डा. भोलानारायण रेग्मी***
drbholanarayanregmi@gmail.com
Received Date: February 28, 2026 - Accepted Date: March 28, 2026

**लेखसार**

प्रस्तुत शोध स्फोटात्मक शब्दब्रह्म र भक्तिसाध्य सनातन मोक्षलाई मुख्य आधार मानेर लेखिएको हो। मनुष्यमात्रका धर्म, अर्थ, काम र मोक्ष यी चार प्रकारका पुरुषार्थ हुन्। मोक्षलाई अन्तिम पुरुषार्थ वा परम पुरुषार्थ पनि भनिएको छ। धर्म, अर्थ र काम पुरुषार्थ हुन् भने मोक्ष परम पुरुषार्थ हो। मोक्षको चिन्तन अत्यन्तै गम्भीर विषय हो। यस शोधको स्रोत सामग्रीका आधारमा चिन्तन भएमा ज्ञान र ब्रह्मविज्ञानको वेदान्तलाई पनि स्पर्श गर्न सकिन्छ। पौरस्त्य परम्पराका मूल आचार्यहरूले उपनिषद्लाई आधार मानेर अद्वैत, द्वैत, विशिष्टाद्वैत, द्वैताद्वैत र शुद्धाद्वैतवादका माध्यमले मोक्षको चिन्तन गरेका छन्। यस आलेखमा आचार्यहरूका मतलाई सङ्क्षेपमा प्रस्तुत गरिएको छ। पाणिनीय व्याकरणका प्रक्रिया परिष्कार र दर्शन पक्षमा मोक्षविषयक चिन्तन गरिएको दर्शन पक्षलाई उठान गरी स्फोटात्मक शब्दब्रह्मको महत्त्वपूर्ण भूमिका रहेको विषय पनि सङ्क्षेपमा विचार गर्दै मोक्षका बारेमा दार्शनिकहरूद्वारा विचार गरिएका केही भक्ति र मोक्षका परिभाषाहरू समेत प्रस्तुत गरी मोक्ष विषयक चिन्तन गरिएको छ।

**शब्दकुञ्जी :** भक्ति, मोक्ष, शब्दब्रह्म, सनातन, स्फोट।

---

* लेखक पोखरास्थित श्री विन्दुवासिनी संस्कृत विद्यापीठमा सहप्राध्यापक हुनुहुन्छ।

## विषय परिचय

प्रस्तुत शोध स्फोटात्मक शब्दब्रह्म र भक्तिसाध्य सनातन मोक्षमा आधारित छ। शाब्दिक मतमा स्फोटब्रह्मको उपासनाले सिद्धि हुने कुरा दार्शनिक ग्रन्थमा प्रशस्त पाइन्छन्। वाक्यपदीय अनुसार शब्दब्रह्म नै मोक्षको कारण हो (भतृहरि, २०४५ पृ.१)। सबै सिद्धिको प्रथम स्थान शब्दशास्त्र हो भने त्यसको विषय स्फोटब्रह्मको भक्तिले परिपक्व साधना सम्पन्न भएका भक्तहरूको राजमार्ग बताइएको छ। मोक्ष प्राप्त गर्नका लागि अत्यन्त छोटो छरितो सरल मार्गका रूपमा भएको हुनाले मुमुक्षु जीवको राजमार्ग पनि यसैलाई बताइएको हो। यहाँभित्र मोक्षका परिभाषा, दर्शनका भेद, मत-मतान्तरको पनि परिभाषा गर्दै शब्दको व्युत्पत्ति र परिभाषासहित स्फोट ब्रह्मका बारेमा गहिरो चिन्तन रहेको छ। यसैगरी सनातन शब्दको अर्थ परिभाषा दार्शनिकहरूको मतमा यस लघुशोधले मोक्ष विचार गर्दै स्फोटब्रह्म तथा भक्तिसाध्य सनातन मोक्षलाई समेत बुझाउने प्रयास गरेको छ। यद्यपि स्फोट ब्रह्मका भक्तिद्वारा प्राप्त गर्न सकिने सनातन मोक्षका बारेमा धेरै पौरस्त्य आचार्यहरुले विचार गरेका छन् तर पनि गहिरो विचाररूपी सागरबाट एक गाग्रीको पानी समान चिन्तन गर्दा स्फोट के हो ? भक्तिका भेद कुन - कुन हुन् ? सनातन भनेको के हो ? मुक्तिको परिभाषा क-कसका मतमा के के छन् जस्ता समस्याहरूलाई हृदयङ्गम गरेर यस शोध कार्यको आरम्भ गरिएको छ। यस आलेखमा स्फोटात्मक शब्दब्रह्म र सनातन मोक्षलाई मुख्य उद्देश्य बनाएर प्रवृत्त भएका शोधकार्यमा वैयाकरणको शब्दब्रह्म वा स्फोटब्रह्मद्वारा सबैको अभिलषित चौथो पुरुषार्थ मोक्षको चिन्तन गर्नु नै यसको प्रमुख लक्ष्य र स्फोट,शब्दब्रह्म,भक्ति, सनातन, मोक्षजस्ता प्रमुख शब्दहरूको व्युत्पत्ति गर्दै अर्थ स्पष्ट्याउनु यस अनुसन्धानको प्रयोजन रहेको छ।

वेदका छ अङ्ग मध्ये मुखको प्रतिनिधित्व गर्ने व्याकरण शास्त्रको महत्त्व शरीरमा रहेका आँखा, कान, नाक हात, खुट्टा जस्ता अन्य अङ्गहरूको सक्रियता बढाउन मुखबाट खाएका अन्न रस औषधि आदिबाट सहयोगीय भूमिका रहे जस्तै वेद शरीरको मुखरूपी व्याकरणशास्त्रले नै अन्य पाँच शास्त्रहरूको ज्ञान हुन सम्भव छ। "काणादं पाणिनीयञ्च सर्वशास्त्रोपकारकम्" गौतमको न्याय शास्त्र र कणादको वैशेषिक शास्त्र सबै शास्त्रका सहायक हुन् भने सम्पूर्ण चौध विद्या चौसठ्ठी कलाको पारिषद् भएर रहेको हुनाले व्याकरणशास्त्र शास्त्रहरूको प्रमुख उपकारक हो। न्याय र वैशेषिक शास्त्र दीप समान हुन् । अतः व्याकरण शास्त्र सबै भाषाको शद्ध उच्चारण,लेखन र गुणस्तरको कारक हो भने ज्ञानको आदि स्रोत भएका वेदको मुख समान भएकाले मुख्य पनि हो। संस्कृत क्षेत्रमा संस्कृत व्याकरण, नेपाली क्षेत्रमा नेपाली व्याकरण र अंग्रेजीमा आङ्गल व्याकरण तथ आ-आफ्ना भाषिक क्षेत्रमा भिन्न भिन्न भाषा परिवारलाई शुद्ध व्यवस्थित बनाउन सबैलाई व्याकरण शास्त्र अनिवार्य रूपमा पढाइन्छ। संस्कृत व्याकरणका प्रक्रिया, परिष्कार र दर्शन पक्षमा सिद्धान्त तथा निष्कर्षका रूपमा प्रतिपाद्य स्फोटब्रह्म एवम् भक्तिका माध्यमले सहजै प्राप्त गर्न सकिने सनातन मोक्षका बारेमा पूर्वाचार्यहरुले भिन्न-भिन्न विषयमा लेख, रचना, कृतिहरू निर्माण गरेका भएता पनि सबैलाई समेटेर स्फोटब्रह्मद्वारा मोक्ष हुने कुरा तथा मोक्षका पृथक् पृथक् परिभाषा सनातन शब्दको व्युत्पत्ति र परिभाषा पनि यहाँ भन्दा पूर्ववर्ती अनुसन्धानताहरूले खोज नगरेको नयाँ विषयलाई चयन गरी यहाँ शब्दब्रह्मबाट सनातन मोक्ष प्राप्त गर्न सकिने सत्य तथ्यलाई

तर्कसहित साधक बाधक प्रमाणहरू प्रस्तुत गरिएको छ। पूर्वीय दर्शनका आचार्यहरूमा नैयायिकहरूले चौरासी लाख प्रकारका नरकहरूमा एक्काइस प्रकारका विशेष नरकको दुःखबाट मुक्त हुनु मोक्ष हो भन्दछन्। योगाचार्यहरूमा प्रमुख पतञ्जलिको अष्टाङ्ग योगमा समाधिका माध्यमबाट मुक्ति हुने कुरा प्रस्तुत गरिएको छ। मीमांसकले वेदले निर्दिष्ट कर्मलाई यज्ञ रूप धर्म मान्दछन्। उनीहरू यसै धर्मका माध्यमले मुक्ति मिल्दछ पनि भन्दछन् भने साङ्ख्यदर्शनमा आचार्य कपिलदेवले पाँच ज्ञानेन्द्रिय, पाँच कर्म इन्द्रिय, पाँच महाभूत, पाँच तनमात्रा, मन, बुद्धि, अहङ्कार, प्रकृति र पुरुष गरी पच्चीस तत्त्वको ज्ञानले मुक्ति हुने कुरा गर्दछन्। वैशेषिक दर्शनका आचार्यहरू जुन कर्मले यो लोक र परलोक सुध्रिन्छ त्यस्तो कर्म नै धर्म हो भन्दछन्। पच्चीस तत्त्वलाई राम्रोसँग बुझेपछि जटाधारी (ब्रह्मचारी) होस् या मुण्डी (सन्यासी ) होस् अथवा शिखी (शिखाधारी गृहस्थ वा वानप्रस्थ ) होस् उक्त कुनै आश्रममा रहे पनि तत्त्व ज्ञानबाट मोक्ष हुन्छ भन्ने विभिन्न मतहरूलाई प्रष्ट पार्न आरम्भ गरिएको प्रस्तुत शोधमा स्फोटब्रह्म र भक्तिका माध्यमले सजिलै प्राप्त गर्न सकिने सनातन मोक्षको विचार गर्नु पनि आवश्यक देखिन्छ। वैयाकरणहरूको सिद्धान्तमा प्राप्तव्य शब्दब्रह्म हो भने सम्पूर्ण शास्त्रकारहरूको अन्तिम पुरुषार्थ मोक्ष भएकाले शब्दब्रह्मको साक्षात्कार तथा दर्शनले परिभाषित सम्पूर्ण मोक्ष कलियुगमा भक्तिका माध्यमले मात्र सम्भव हुन सक्ने शास्त्रसिद्ध छ। अत शोधको सीमा स्फोटब्रह्म र भक्तिसाध्य सनातन मोक्ष विचार रहेकाले यस विषयमा चिन्तन मनन गर्नु औचित्यपूर्ण देखिन्छ।

## अध्ययन विधि

कुनै पनि नविन ज्ञानको शोध तथा अनुसन्धान गर्नका लागि अध्ययन सामग्रीको आवश्यकता पर्ने गर्दछ , त्यसैले प्रस्तुत शीर्षकमा आधारित रहेर अध्ययन अनुसन्धान गर्नका लागि मुख्यतयाः पुस्तकालयीय अध्ययन विधिको अवलम्वन गरेर शोधलाई गुणात्मक ढाँचामा सम्पन्न गर्न खोजिएको छ। यस अनुसन्धानमा व्याख्यवादी सिद्धान्तभित्र स्फोट, शब्द, ब्रह्म, भक्ति, सनातन, मोक्ष जस्ता शब्दहरूको व्याख्या विश्लेषण गर्दा दार्शनिक पक्ष तथा तथ्याङ्क सङ्कलन र विवेचनात्मक विधिलाई स्पष्ट पारिएको छ। उक्त अनुसन्धान बहुल सत्यतामा आधारित रहेको पनि छ। अर्थात् शोध विषय सम्बद्ध अध्ययन अनुसन्धान कृति पत्र पत्रिका समेतको धेरै कोणबाट अध्ययन गरेर सत्य तथ्यमा विषय तयार पारिएको हो। यसै गरी नागेश भट्टद्वारा लेखिएको परमलघुमञ्जूषा , वैयाकरणसिद्धान्तलघुमञ्जूषा कौण्डभट्टको भूषणसार आदि प्रथम स्रोतका रूपमा लिई तथ्याङ्क सङ्कलन गरिएको छ भने द्वितीयक स्रोतका रूपमा स्वामी अखण्डानन्द सरस्वतीद्वारा व्याख्या गरिएको नारदभक्तिदर्शन तथा व्यास रचित श्रीमद्भावतमहापुराण एवम् शीर्षक सम्बन्धित अन्य सन्दर्भ ग्रन्थ अनुसन्धानमा आधारित लेख रचना त्यसै पत्रपत्रिकाबाट अनुसन्धानलाई सहयोग गर्ने तथ्याङ्क सङ्कलग गरिएको छ। यस प्रकारको तथ्याङ्क विश्लेषण गर्दा स्फोट सिद्धान्त र भक्ति साध्य सनातन मोक्ष सिद्धान्तलाई मुख्य आधार बनाइएको शोध सम्पन्न गर्दा सामग्री सङ्कलन अध्ययन, विश्लेषण ,प्रश्नोत्तर वादविवाद जस्ता विधिहरूलाई अपनाइएको छ। आवश्यक सामग्री सङ्कलनको लागि मुख्य रूपमा पुस्तकालय र सहायक विधिमा गुगल क्रोम जस्ता सामाजिक सञ्जाल र छलफललाई पनि आधार बनाइएको छ। शोधलाई गुणस्तरीयता प्रदान गर्नको लागि विज्ञसँग संवाद समेत

गरेर निष्कर्ष निकाल्ने काम गरिएको छ। यसै गरी विशेष रूपमा शोध सम्पन्न गर्दा समीक्षणात्मक विधिलाई अङ्गीकार गरेर निगमनात्मक विधिलाई पनि अवलम्बन गर्दै थप गुणात्मकता सिद्ध गर्ने प्रयास गरिएको छ। अध्ययनको लागि विधि र प्रक्रियामा आवश्यक पर्ने सामग्री पुस्तकालयबाट जुटाइयो र विभिन्न विद्वान्हरूसँग संवाद गरेर संकलन गरिएको हो। शोध सामग्रीमा नागेशले लेखेका व्याकरण साहित्य न्याय दर्शन धर्मशास्त्र तन्त्रशास्त्र लगायत धेरै विषयबाट शीर्षकमा तालमेल खाने सन्दर्भ ग्रन्थलाई मात्र आधार मानेर अध्ययन उपयोगी सामग्री सङ्कलन गरिएको छ। तथ्याङ्क सङ्कलनदेखि विश्लेषणसम्म प्राज्ञिक जिज्ञासा र उद्देश्यका आधारमा अनुसन्धेय कार्य सम्पन्न गर्न लेखनका आधारलाई अवलम्बन गरी अनुसन्धानलाई विश्वसनीय र वैध बनाइएको छ।

## सैद्धान्तिक पर्याधार

शब्दशास्त्रीका मतमा ब्रह्माण्डको कारण ,व्यावहारिक जगत्को आधार, शब्दतत्त्व जस्ता शब्दहरूले पारिभाषित स्फोट नै ब्रह्म हो। किनकि बृंहति बृंहयतीति यस्तो व्युत्पत्तिद्वारा ब्रह्म शब्द सिद्ध हुन्छ। जो स्वयं बढ्छ आफ्ना नाम, धाम, यश ,चरित्रलाई बढाउँछ त्यो हो ब्रह्म। सो ब्रह्मको उपादेयता जगतको अभिन्न निमित्तोपादान बनेर धर्म, अर्थ, काम र मोक्षरुप चार पुरुषार्थ जीव मात्रमा प्रदान गर्नु उसको सत्सङ्कल्प हो। त्यसकारण भक्ति र प्रपत्तिद्वारा धर्मपूर्वक अर्थोपार्जन गरेर उपयुक्त विषयको भोग गर्दै मोक्ष प्राप्ति गर्नु अन्तिम लक्ष्य मानव मात्रको परमकर्तव्य हो। यसलाई श्रीकृष्णले यसरी बताएका छन्। “स्वे स्वे कर्मण्यभिरतः स्वं सिद्धिं लभते नरः” (भगवद्गीता, २०८०, अ. १८ श्लो. ४५) यस वाणीलाई आत्मसात् गर्नु मोक्ष मार्ग अपनाउनु हो। यसै कुरालाई सबै शास्त्रकारहरुको पनि अधिकार सम्बन्ध विषय र प्रयोजनरूपी अनुबन्ध चतुष्टयको अन्तिम प्रयोजनलाई पर्याधार बनाइएको यस लघुशोधमा स्फोटब्रह्मको परिभाषा व्युत्पत्ति र विश्लेषणमा पतञ्जलिको महाभाष्य पस्पशाह्निक, भर्तृहरिको वाक्यपदीय, नागेशको मञ्जूषात्रय ,कौण्ड भट्टको वैयाकरणभूषणसार आदिलाई मुख्य आधार मानिएको छ भने भक्ति, सनातन, मोक्ष, जस्ता शब्दहरूको विचारका लागि नारदीय भक्ति दर्शन (नारद, सन् २०००, पृष्ठ ३६ ,५२,६४,७२,) ब्रह्मवैवर्तपुराण (वेदव्यास वि.सं.१९८९, पृष्ठ १८८) श्रीमद्भागवत महापुराणलाई (वेदव्यास, २०५८ ,स्क. ५,७ ,११ ,१२) मुख्य आधार मानेर स्फोटबाट मुक्ति हुने कुरालाई स्पष्ट चिन्तन गरिएको छ। सनातन मोक्ष अर्थात् श्रीमद्भगवत गीतामा श्रीकृष्णले अर्जुनरूपी जीवलाई बताएको मोक्षको परिभाषा यद्गत्वा न निवर्तन्ते तद्धाम परमं मम (व्यास, २०८० ,अ. १५,श्लो.६) जहाँ गएपछि जन्ममृत्युचक्र सदाको लागि टुट्दछ त्यो हो सनातन मोक्ष। यसलाई अपवर्ग , निर्वाण, ईश्वरप्राप्ति , गोलोकगमन , परमपद प्राप्ति आदि पनि भनिन्छ। १८ पुराण तथा इतिहासग्रन्थहरूमा मोक्षशास्त्र भनेर श्रीमद्भागवतलाई भनिएको छ। त्यसकारण भक्तले भक्ति र प्रपत्तिद्वारा मोक्षविषयक चिन्तन गर्ने भक्ति ,ज्ञान र वैराग्यको त्रिवेणीमा डुबुल्की लगाउने भक्तलाई मुक्ति पनि दिन समर्थ भएकाले मोक्ष सिद्धान्त पुष्टि गर्ने उपर्युक्त आधारबाट यो शोध सम्पन्न भएको छ।

### स्फोट शब्दको व्युत्पत्तिलभ्य अर्थ र परिभाषा

स्फुट विकसने यस पाणिनीय धातुबाट स्फुटति अर्थः अभिव्यक्तो भवति यस्मात् असौ अथवा स्फुटति

यः सः, यस्तो दुई प्रकारको व्युत्पत्ति गरी अपादान र कर्म अर्थमा 'घञ्' प्रत्यय लाग्दा 'स्फोट' शब्द सिद्ध हुन्छ। यसको अर्थ जसबाट अर्थको अभिव्यक्ति हुन्छ अथवा जो स्वयम् अभिव्यक्त छ त्यो स्फोट हो। त्यो शब्द र अर्थका रूपमा प्रसिद्ध छ। स्फोटलाई शब्दब्रह्म, अक्षरब्रह्म, नादब्रह्म आदि शब्दहरूद्वारा पनि परिभाषित गरेको पाइन्छ (नागेशभट्ट,) । प्राकृतध्वनिव्यङ्ग्यत्वे सति निराकाङ्क्षार्थबोधजनकत्वं स्फोटत्वम् (पतञ्जलि, सन् १९९१.पृ ५\६) प्राकृतध्वनिले अभिव्यञ्जित भएर आकाङ्क्षारहित अर्थबोध गराउनमा कारण शब्द नै स्फोट हो। स्फोटात्मक शब्दतत्वलाई भर्तृहरिले 'वाक्यपदीयम्' को ब्रह्मकाण्डमा भनेका छन् :

अनादिनिधनं ब्रह्म शब्दतत्त्वं यदक्षरम्।

विवर्ततेऽर्थभावेन प्रक्रिया जगतो यतः।। (भर्तृहरि, १९९६, श्लो. १)

अर्थात् जसको आदि र अन्त्य छैन त्यस्तो स्फोटात्मक शब्द नै ब्रह्म हो। त्यसमा सम्पूर्ण जगतको अत्तात्विक अन्यथाभावले विवर्तका रूपमा घट, पट, मठ आदि शब्द र अर्थको व्यवहार गरिन्छ।

मध्यमा नादले अभिव्यञ्जित प्राकृत ध्वनिले व्यक्त भएर अर्थ दिन सक्ने ज्ञानको पिता स्फोट हो। यो स्फोट पहिले गरिएका व्युत्पत्तिले शब्दगत स्फोट र अर्थगत स्फोट गरी दुई प्रकारको सिद्ध हुन्छ। उक्त स्फोट वर्ण, पद, वाक्य, जाति, व्यक्ति र अखण्डपदवाक्यका भेदले आठ प्रकारको हुन्छ। यी सबै भेद लोक व्यवहार सञ्चालनका लागि अखण्डवाक्यस्फोटरूप शब्दब्रह्मका काल्पनिक भेद हुन्। मुख्य अखण्डवाक्यस्फोट नै सत्य र सिद्ध हो। जस्तैः–

वाक्यस्फोटोऽतिनिष्कर्षे तिष्ठतीति मतस्थितिः। (कौण्डभट्ट, २०४५, पृ. २८८)

पदे न वर्णा विद्यन्ते वर्णेष्ववयवा न च।

वाक्यात् पदानामत्यन्तं प्रविवेको न कश्चन ।। (भर्तृहरि, २०७२, ब्रह्मकाण्ड, श्लो. ७३)

वेदका छ अङ्ग (शिक्षा, ज्योतिष, व्याकरण, छन्द, कल्प, निरूक्त) मा मुखको प्रतिनिधित्व गर्ने मुख्य मुक्तिको राजमार्ग व्याकरणशास्त्रलाई मानेको पाइन्छ। जस्तै -

इदमाद्यं पदस्थानं सिद्धिसोपानपर्वणाम्।

इयं सा मोक्षमाणानामजिह्मा राजपद्धतिः।।(भर्तृहरि, २०७२, ब्रह्मकाण्ड श्लो १६)

यदेकं प्रक्रियाभेदैर्बहुधा प्रविभज्यते

तद् व्याकरणमागम्य परं ब्रह्माधिगच्छति।। (भर्तृहरि,२०७२, ब्रह्मकाण्ड श्लो २२)

तद्वारमपवर्गस्य वाङ्मलानां चिकित्सितम्।

पवित्रं सर्वविद्यानामधिविद्यं प्रकाशते।। (भर्तृहरि, २०७२, ब्रह्मकाण्ड श्लो १४)

यी प्रमाणहरू नियाल्दा मुक्तिका उपायहरू समयसापेक्ष भिन्न भिन्न आचार्यहरूका विभिन्न मत मतान्तर देखिए पनि कलियुगमा मुक्तिको सरल साधनका रूपमा भक्तिलाई अगाडि सारिएका प्रशस्तै प्रमाणहरू पाइन्छन्।

## शब्दको व्युत्पत्तिबाट ब्रह्म र जीवको सिद्धि

शपमज्ञानादिमूलं संसारं द्यति = अवखण्डयतीति शब्दः = ब्रह्मः। अथवा शपति = माययाऽवृतत्वात् आवृशतीति शब्दः = जीवः। "शाशपिभ्यां ददनौ" यो उणादि सूत्रले शप् धातुदेखि दन् प्रत्यय, पकारको बकार आदेश हुँदा सिद्ध भएका शब्दको ब्रह्म र जीव अर्थ सिद्ध हुन्छ। लोक प्रसिद्ध कानले सुन्न सक्ने गुण पदार्थ विशेष शब्द हो (देव, सन् २००२)।

त्यो शब्दब्रह्मरूप वाणीका परा, पश्यन्ती, मध्यमा र वैखरी चार भेद कसैले परा बाहेक पश्यन्ती मध्यमा र वैखरी मात्र स्वीकार्दछन् (पाण्डे, सन् १९८७)।

## परा वाणी

मूलाधार चक्रमा हजार दलले युक्त भएको कमललाई स्थान बनाएर सूक्ष्म विन्दुरूपमा रहेको हुन्छ। यो कारणरूप भएका वाणीको योगीहरूले मात्र अनुभव गर्न सक्छन्।

## पश्यन्ती वाणी

मूलाधारभन्दा माथिल्लो भागमा नाभि प्रदेशको चक्रमा आश्रय गरेर चैतन्य घनस्वरूप कारण रूपमा नै रहन्छ। आचार्यका मतमा पश्यन्ती भन्दा पर परा वाणी छैन भनिएको पाइन्छ (भट्ट, २०५४ पृ. ७२\७३)।

## मध्यमा वाणी

यसको आश्रयस्थल हृदयप्रदेश हो जहाँ धपधप बल्दै गरेको मुटु हुन्छ। त्यसको माथिल्लो भागमा बस्दछ। त्यसको नाम मध्यमा वाणी भनेर शास्त्रकारहरूले बताएका छन्। यो प्राकृत नादको सहारा लिँदै स्फोटको अभिव्यञ्जक पनि बन्दछ। यसको अनुभव नाक, कान, मुख आदि छिद्रहरू बन्द गर्दा केही अव्यक्त ध्वनिका रूपमा अनुभव गर्न सकिन्छ (भर्तृहरि, सन् २०१६ , पृ १३०)।

## वैखरी वाणी

यो व्यावहारिक जगतमा फैलिने भएका हुनाले वैखरी भनिएको हो। हिन्दी भाषामा विखर्ना (फैलनु) पनि भनिन्छ। घाँटीमा आएर अरूको श्रवणेन्द्रियले प्रत्यक्ष गर्न सकिने व्यावहारिक कार्यरूपमा प्रसिद्ध छ।

जस्तैः–

परावाङ्मूलचक्रस्था पश्यन्ती नाभिसंस्थिता।
हृदिस्था मध्यमा ज्ञेया वैखरी कण्ठदेशगा।।
वैखर्या हि कृतो नादः परश्रवणगोचरः।
मध्यमया कृतो नादः स्फोटव्यञ्जक उच्यते।। (भट्टः २०५४, पृ ७२)

## भक्ति शब्दको व्युत्पत्ति र परिभाषा

१ भज्यते = सेव्यते या सा भक्तिः। अर्थात् प्रीति भजन, सेवा, प्रसन्नताविषयक कर्म भक्ति हो।

२. भजनं भक्तिः। अर्थात् रसास्वादन गर्नु भजन हो भने त्यही नै भक्ति हो।

३. भागो भक्तिः। अर्थात् अंशांशीभाव सम्बन्ध नै भक्ति हो।

४. भञ्जनं भक्तिः। अर्थात् संसारको जन्म, मृत्युको कारण बनेको म र मेरोरूपी बन्धनलाई तोड्नु नै भक्ति हो।

सेवा अर्थमा रहेको भज् धातु अथवा भाँच्ने अर्थमा रहेको भञ्ज् धातुबाट क्तिन् प्रत्यय लाग्दा भक्ति शब्द सिद्ध हुन्छ।

५. उत्तम भक्तिको परिभाषा

अन्याऽभिलाषिता शून्यं ज्ञानकर्माद्यनावृत्तं

आनुकूल्येन कृष्णानुशीलनं भक्तिरुत्तमा।। (नारदभक्तिदर्शन, सन् २०००; पृ ३६)

अन्य इच्छा शून्य रहदै ज्ञान र कर्मका बन्धनमा नपरी निरन्तर कृण्णको अनुशीलनमा चित्तवृत्ति लगाउनु उत्तम भक्ति हो।

**भक्तिको दृष्टफल**

यल्लव्ध्वा पुमान् सिद्धो भवति, अमृतो भवति, तृप्तो भवति, यत्प्राप्य न किञ्चिद् वाञ्छति, न शोचति, न द्वेष्टि, न रमते, नोत्साही भवति, यज्ज्ञात्वा मत्तो भवति, स्तब्धो भवति, आत्मारामो भवति। अर्थात् जसको आश्रयमा पुरुष सिद्ध हुन्छ, अमर हुन्छ, तृप्त हुन्छ, फेरि अर्को वस्तु चाहँदैन, अरू सोच्दैन, रीस रागादि गर्दैन, अरू कार्यमा उत्साह राख्दैन, मदमत्त हुन्छ, जडवत् हुन्छ, हृदयमा भगवान्लाई प्रत्यक्ष गर्दछ, त्यो भक्तिको प्रत्यक्ष फल हो (नारदभक्तिदर्शन, सन् २०००; पृ ३६, ५२, ६४, ७२)।

त्यस्तै,

क्वचिद् रुदन्त्यच्युतचिन्तया क्वचिद् हसन्ति नन्दन्ति वदन्त्यलौकिकाः।

नृत्यन्ति गायन्त्यनुशीलयन्त्यजं भवन्ति तुष्णीं परमेत्य निर्वृताः।। (व्यास, २०५८; स्क. ११, अ. ३, श्लो. ३२)

भगवान्लाई सम्झेर जो भावविह्वल भएर कहिले रुने, कहिले हाँस्ने, कहिले आनन्दित हुने, कहिले अचम्मका कुराहरू गर्ने, कहिले नाच्ने, कहिले गाउँने, कहिले विविध नाटक गर्ने र कहिले मौन रहने गर्दछन् तिनीहरू भक्त हुन्। ती भक्तहरूमा भक्तिको प्रत्यक्ष फल यसरी देखिन्छ।

**भक्तिका भेदहरू**

श्रीमद्भागवतमा भक्तिका प्रसिद्ध नौ भेदहरू बताइएका छन्।

श्रवणं कीर्तनं विष्णोः स्मरणं पादसेवनम्।

अर्चनं वन्दनं दास्यं सख्यमात्मनिवेदनम्।। (व्यास, २०५८, स्कः ७, अ. ५, श्लो. २३)

अर्थात् भगवान् विष्णुको कथाश्रवण, नामको सङ्कीर्तन, स्वरूपको स्मरण, चरणकमलको सेवा, पूजा, ढोग, सेवकभाव, मित्रता र आत्मसमर्पण (शरणागति) यी नौ प्रकारका भक्ति हुन्। यी नौ प्रकारका भक्ति क्रमशः राजा परीक्षित, शुकदेव, प्रह्लाद, लक्ष्मीमाता, राजा पृथु, अक्रूर, हनुमान, अर्जुन र दानवराज वलिमा प्रसिद्ध छन्।

यसैगरी भक्तिका आठ, बाह्र, सोह्र, एक्काइस, चौबिस भेदहरू पनि रहेका छन्।

**भक्तिको स्वरूप**

सा त्वस्मिन् परमप्रेमरूपा अमृतस्वरूपा च।

जो परमानन्दलाई प्राप्त गराएर अजर र अमर छिन् ती भक्ति हुन्।।

भक्ति व्यक्तिको स्वरूप हो। मुक्ति आत्माको स्वरूप हो त्यसैले "सा त्वस्मिन् परमप्रेमरूपा अमृतस्वरूपा च"

ती परमप्रेमरूपा अमृतरूपा पनि हुन्। अरू इच्छाबाट तटस्थ रहेका शरीरधारी जीवलाई ज्ञानयोग कर्मयोगले रोक्न नसक्नु भक्ति हो (सरस्वती, सन् २०००; पृ ३२, ३३)।

जहाँ भक्तिको वास छ त्यहाँ सम्पूर्ण गुणहरू आँफै आउँदछन्। प्रह्लादले दैत्यपुत्रहरूलाई भनेका छन्।

यस्यास्ति भक्तिर्भगवत्यकिञ्चना।

सर्वे गुणास्तत्र समासतेऽसुराः।। (व्यास, श्रीमद्भागवत २०५८, स्क. ५, अ. १८, श्लो. १२)

भक्तिको स्थान सर्वश्रेष्ठ भएकाले देवर्षि नारदले भक्ति महारानीलाई कलियुगमा प्रत्येक घरघरमा, जनजनमा स्थापना गर्नेछु भनेर श्रीमद्भागवतको माहात्म्यमा भन्नुभएको छ (अ. २, श्लोक १३)।

मुक्तिलाई दासी बनाएर कलियुगमा भक्ति महारानीलाई भक्तका हृदयमा वास गर्न आज्ञा गरेको कुरा श्रीमद्भागवतको माहात्म्यमा स्पष्ट छ।

बद्ध्वाञ्जलिं त्वया पृष्टं किं करोमीति चैकदा।
त्वां तदाऽऽज्ञापयत्कृष्णो मद्भक्तान् पोषयेति च।।
अङ्गीकृतं त्वया तद् वै प्रसन्नोऽभूत् हरिस्तदा।
मुक्तिं दासीं ददौ तुभ्यं ज्ञानवैराग्यकाविमौ।। (अ. २, श्लो. ६, ७)

धेरै प्रकारका भक्तिका भेदमा कलियुगमा कीर्तनभक्ति मुक्तिको लागि सजिलो माध्यम हो। त्यही उपायलाई नै शास्त्रकारहरूले उद्धृत गरेका छन्।

कृते यद् ध्यायतो विष्णुं त्रेतायां ययतो मखैः।
द्वापरे परिचर्यायां कलौ तद्धरिकीर्तनात्।। (श्रीमद्भागवत, स्कः १२, अ. ३, श्लो. ५२)

भक्तिलाई धेरै प्रकारले परिभाषित गरेतापनि उत्तम भक्ति तिनै हुन् जो तेलको धारा खस्दा जस्ता प्रकारले खण्डित नभईकन आधारसम्म पुग्दछ त्यसरी नै स्मृतिरूप ज्ञानको लगाब इष्टका प्रति अटूट रूपमा रहनु हो।

भक्तिको परिपक्व अवस्था नै प्रपत्ति अथवा शरणागति हो। त्यो शरणागति मुक्तिको असाधारण कारण पनि हो (वेदान्तदेशिकाचार्य, शरणागतिगद्यम् सन् १९८८, पृ १९)।

भक्ति, ज्ञान र वैराग्यको त्रिवेणी मानिने मुक्तिका बिषयलाई पनि धेरै विचार गरिएको पुराणमा सर्वश्रेष्ठ श्रीमद्भागवतमा नवयोगेश्वरसँग राजा निमिले सोधेका प्रश्नको उत्तर देवर्षि नारदले वसुदेवलाई भनेको प्रसङ्ग वेदव्यासले उल्लेख गरेका छन्। जस्तै :

भक्तिः परेशानुभवो विरक्तिरन्यत्र चैष त्रिक एककालः।
प्रपद्यमानस्य यथाश्नतः स्युस्तुष्टिः पुष्टिः क्षुधपायोऽनुघासम्।।
इत्यच्युताङ्घ्रिं भजतोऽनुवृत्या भक्तिर्विरक्तिर्भगवत्प्रबोधः।
भवन्ति वै भागवतस्य राजंस्ततः परां शान्तिमुपैति साक्षात्।।

अर्थः– जस्ता प्रकारले भोका प्राणीले भोजन प्राप्त गर्दा प्रत्येक गासमा तुष्टि पुष्टि र क्षुधानिवृत्ति (भोक मेटिनु) हुँदै जान्छ ठीक त्यसै गरी भगवान्‌का परम भक्त महाभागवतले भगवान्‌का चरण कमलमा शरण परेपछि भक्ति विरक्ति र भगवान्‌को चरणकमलको अनुभूति एकै साथ गर्दछ। यो अनुभूति अपूर्व हो। यस्तो व्यक्तिले संसारका सबै सुखलाई तुच्छ सम्झन्छ। यसपछिको आनन्द नै परम सुख वा मोक्षानन्द हो। सबैको अन्तिम लक्ष्य पनि यही हो (व्यास, २०५८ स्क. ११, अ. २, श्लो. ४२, ४३)।

## सनातन शब्दको व्युत्पत्ति र अर्थ

'सदा भव सनातनः' जो भूत, भविष्यत र वर्तमान तीनै कालमा रहन्छ, त्यो सनातन हो। ब्रह्मवैवर्तपुराणको प्रकृतिखण्डमा यसरी परिभाषित गरिएको पाइन्छ।

सर्वकाले सदा प्रोक्ता विद्यमाने तनेति च।
सर्वत्र सर्वकालेषु विद्यमानः सनातनः।। (व्यास, सन् १९८९, ब्रह्मवैवर्तपुराणस्य प्रकृतिखण्डे पृ.१८८ )

अर्थः- सर्वकाले शब्दको अर्थ सदा हो विद्यमानको अर्थ रहनु हो त्यसैले सबै कालमा एकैनासले रहनुलाई सनातन भनिन्छ।

## मोक्ष शब्दको व्युत्पत्ति र अर्थ

"मोक्ष असने" यस चुरादि गणपठित पाणिनीय धातुबाट मोक्षते दुःखमनेन यस्तो व्युत्पत्ति गरी करण अर्थमा घञ् प्रत्यय लागेर मोक्ष शब्द सिद्ध हुन्छ। अथवा " मुच्लृ मोचने" धातुबाट पनि मोक्ष शब्द सिद्ध गर्न सकिन्छ। मोक्ष शब्दका अर्थ मुक्त हुनु, छुट्नु अथवा दुःखबाट निवृत्त भएर परमानन्द प्राप्त गर्नु आदि हुन् (राजाराधाकान्तदेव, सन् २००२; पृ ७८६)।

यहाँ सनातन शब्दका नजिकमा रहेको मोक्ष शब्दले जन्म र मरणको चक्रबाट सधैँका लागि छुट्नुलाई बुझाउँछ। तपस्या, शम, दम, तितिक्षा, भक्ति, योग, ज्ञान आदि सनातन मोक्षका उपायहरू हुन्। हरिवंशपुराणमा वेदव्यासले भनेका छन्।

स तं कृच्छ्रगतं दृष्ट्वा कृपयाभिपरिप्लुतः।
उवाच दानव श्रेष्ठ मोक्षोपायं ददामि ते।। (शब्दकल्पद्रुम सन् २००२; २५५–२६३)

## पूर्वीय दर्शनाचार्यहरूका मतमा मोक्षको परिभाषा

उपनिषदलाई प्रमाण मानेर जीव, ब्रह्म र प्रकृति आदिको चिन्तन गर्ने भएका प्रमुख वेदान्तीहरूले अलग अलग मतमा अद्वैत, द्वैत, द्वैताद्वैत, विशिष्टाद्वैत र शुद्धाद्वैत सिद्धान्तका आधारमा मोक्षको परिभाषा गरेका छन्।

अद्वैतवादी आचार्यमा आद्यजगद्गुरु शंकराचार्य प्रमुख हुन्। उनले भनेका छन् –

घटकुड्यादिकं सर्वं मृत्तिकामात्रमेव च।
तद्वद्ब्रह्म जगत्सर्वमिति वेदान्तडिण्डिमः।।
ब्रह्म सत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नापरः।
अनेन वेद्यं सच्छास्त्रमिति वेदान्तडिण्डिमः।। (श्रीमच्छङ्कराचार्य, ब्रह्मज्ञानावलीमाला, श्लो. १९–२०)

यस्ता धेरै प्रमाणलाई मानेर ब्रह्मसत्ता भन्दा भिन्न जगतको सत्तालाई प्रातिभाषिक मिथ्या मानेका छन्। जगतको प्रपञ्च मृगतृष्णा, सुक्तिमा रजतको भ्रम जस्ता शब्दहरू प्रयोग गरेका छन्। अर्थात् मृगले बालुवामा पानीको भ्रमलाई सत्य सम्झेर भट्केजस्तै अथवा सिपी किरामा चाँदीको ज्ञान गरेर त्यसलाई ग्रहण गर्न जाँदा यो चाँदी होइन सिपी हो भनेर पहिलो भ्रमात्मक ज्ञान समाप्त भएपछि प्रमात्मक ज्ञान भएर जीवले शुद्ध, बुद्ध, मुक्त, सच्चिद्, घन, आनन्द स्वरूपलाई प्राप्त गर्दछ। त्यो मोक्ष हो। अविद्याका कारणले उक्त प्रकारको चैतन्य जीवले, जड, चेतन र अनित्य शरीरहरूमा पशु, पङ्क्षी, दानव, मानव, देवता आदिको शरीर धारण गर्दछ। अविद्याको विलय हुँदा स्वस्वरूपलाई प्राप्त गर्नु अथवा ब्रह्मलीन हुनु आदिलाई मोक्ष भनिएको पाइन्छ (धर्मराज १९६८)।

द्वैतवादी आचार्यका प्रमुख माध्वाचार्यले ब्रह्मका सगुण साकार र निर्गुण निराकार स्वरूप स्वीकार गरेका छन्। यिनीहरूले राधाकृष्णमा विशेष भक्ति राखेर भक्तिलाई प्राथमिकता दिन्छन्। भक्ति र प्रपत्तिका माध्यमले ज्ञान भएपछि मुक्ति सम्भव हुन्छ भनेका छन् (राधामाधव, सन् १९९१)।

शुद्धाद्वैतवादी आचार्यमा प्रमुख वल्लभाचार्यले पनि भक्तिलाई नै अगाडि सार्दछन्।

द्वैताद्वैतवादी (भेदाभेद) प्रमुख निम्बार्काचार्य हुन्। यिनले पनि राधाकृष्णचन्द्र भगवान्लाई इष्टदेव स्वीकार गरेर अनन्य भक्ति शरणागति, भजन, कीर्तन भक्तिका विभिन्न अङ्गहरूलाई मोक्षसाधन मान्दछन्।

विशिष्टाद्वैतवादी दर्शनका प्रमुख आचार्य जगद्गुरु भाष्यकार रामानुज हुन्। यही परम्परामा जगद्गुरु रामानन्दाचार्य पनि हुन्। यी सबै आचार्यले आद्यजगद्गुरु शङ्कराचार्यले खोलेको वैदिक सनातन धर्मको गोरेटो बाटोलाई राजमार्गका रूपमा विकास गरेको देखिन्छ। विशिष्टाद्वैत मत सूक्ष्म, चिद्, अचिद्, ईश्वर र स्थूल चिद् अचिद् ईश्वर एक हो भन्ने हो। जगद्गुरु भाष्यकार रामानुजाचार्यले श्रीमन्नारायण भगवान्लाई इष्टदेव र श्री = लक्ष्मीलाई पुरुषकार (भगवान् समक्ष पुर्याउने माध्यम) मान्दछन्। जगद्गुरु रामानन्दाचार्यले सीताराम भगवान्लाई इष्टदेव मानेर ज्ञान भक्तिभन्दा वैराग्यलाई प्राथमिकतामा राखेको हुनाले यस सम्प्रदायलाई वैरागी श्रीवैष्णव भनिन्छ। यिनीहरूले जातीयता र वर्णव्यवस्था भन्दा वैराग्यलाई विशेष ध्यान राखेको पाइन्छ। "जातीपाती पुछे नाहिँ कोही जो हरिका भजे सो हरिका होई" (सन्तकबीरदास) लाई आफ्नो आदर्श मान्दछन्।

भाष्यकार रामानुजाचार्यले भक्ति र प्रपत्ति (परिपक्व अवस्थाको भक्ति) ले प्रसन्न भएका भगवान् श्रीमन्नारायण नै मोक्षका साधन र साध्य आँफै हुनुहुन्छ, भन्दछन्। उनले अनिष्ट समाप्त भई इष्टप्राप्तिलाई

नै मोक्ष भन्दछन्। त्यो इष्ट भनेको भगवान्‌को नित्य कैङ्कर्य (सेवा) हो। श्रीमद्भागवतमा सायुज्य, सामीप्य, सालोक्य, सारूप्य, सार्ष्टि पाँच प्रकारका मोक्ष भनेर वेदव्यासले भनेका छन् (श्रीमद्भागवत, स्क. ३, अ. २९, श्लो. १३)। त्यस्ता मोक्षहरू पनि भगवान्‌का परमभक्तले चाहँदैनन्। उनीहरू केवल इष्टप्राप्ति, भगवान्‌को सेवालाई नै परम शान्ति अथवा मोक्ष भन्दछन्। (श्रीनिवासाचार्य, सन् १९७६ ; पृ २८)। त्यसैले तत्त्वबोध भएपछि मोक्षको बाटो खुल्दछ, भन्दछन्।

**मोक्षका उपायहरू**

विश्वप्रसिद्ध आध्यात्मिक ग्रन्थ श्रीमद्भगवद्गीतामा कर्मयोग, ज्ञानयोग र भक्तियोगको श्रीकृष्णले अर्जुनलाई उपदेश गरेका छन्। तीमध्ये ज्ञान योगको महत्त्व अन्यत्र पनि धेरै पाइन्छ।

जस्तै –

"ऋते ज्ञानान्न मुक्तिः"
न वेदाध्ययनान्मुक्तिर्न शास्त्रपठनादपि।
ज्ञानादेव हि कैवल्यं नान्यथा विनतात्मज।।
नाश्रमः कारणं मुक्तेर्दर्शनानि न कारणम्।
तथैव सर्वकर्माणि ज्ञानमेव हि कारणम्।।

यस्ता प्रसिद्ध उक्ति गरुडपुराणको प्रेतकल्प उपनिषद् अन्य पुराण र इतिहासलाई पनि आधार मान्दा ज्ञानरूपी तलाउमा सत्यतारूपी पानीले भरिएका मानस्तीर्थमा स्नान गरेर अविद्या, अस्मिता, राग, द्वेष र अभिनिवेश जस्ता पाँच क्लेश (दुःख) को नाश भई मोक्ष हुन्छ भन्ने प्रमाणहरू प्रशस्त पाइन्छन् (व्यास, २०५८ ; अ. १६ श्लो ८७, ८८, पृ. २३)। पूर्वीय संस्कृतका शब्दशास्त्रीहरूले शब्दलाई नै ब्रह्मको व्यवहार गरी शब्द नै संसारको एकमात्र कारण हो भन्दछन्। भर्तृहरिले भनेका छन् :

न सोऽस्ति प्रत्ययो लोके यः शब्दानुगमादृते
अनुविद्धमिवंज्ञानं सर्वं शब्देन भाषते।। (भर्तृहरि, २०७२ ; पृ १८३)
ओङ्कारश्चाथशब्दश्च द्वावेतौ ब्रह्मणः पुरा।
कण्ठं भित्वा विनिर्यातौ तस्मान्माङ्गलिकावुभौ।। (पतञ्जलि, सन् १९९९)

अ, उ र म् को सम्मिश्रण भएर बनेको ओङ्कारले जीव, प्रकृति र ईश्वरको बोध गराउँछ। त्यसैगरी सत्व, रज र तम, ब्रह्मा, विष्णु र महेश्वरको पनि प्रतिनिधित्व गर्दछ (लोकाचार्य, सन् १९७८ ; पृ ८०)।

गरुडपुराणमा 'ॐ' यस अक्षरब्रह्मको सहारा लिएर शरीर छोड्दा मोक्ष हुने कुरा स्पष्ट उल्लेख छ। यही स्फोट ब्रह्म हो। पौरस्त्य र आधुनिक वैयाकरणहरूको मत-मतान्तरमा त्यस ब्रह्मका काल्पनिक वर्ण ,पद,वाक्य ,सखण्ड,अखण्ड,जाति , व्यक्ति आदि गरेर जम्मा आठ , बाह्र ,सोह्र सङ्ख्यासम्म भेदहरू स्वीकारे पनि अखण्ड वाक्यस्फोटको सत्तालाई अन्तिम निष्कर्षमा सबैले स्वीकारेका छन्। त्यसबाट नै निराकाङ्क्ष अर्थबोध हुनसक्छ। त्यसैले अरु सबै काल्पनिक हुन्।केवल अखण्ड वाक्यस्फोट नै जगतको अभिन्न निमित्तोपादान कारण ब्रह्म हो। यद्यपि शब्दाद्वैत र ब्रह्माद्वैत दुबै वाद समान जस्ता लाग्दछन् तथापि

पतञ्जलि, भर्तृहरि, नागेशभट्ट, कौण्डभट्ट आदि वैयाकरणहरू *शब्दसत्तातिरिक्तसत्ताकत्वाभावः* जस्ता अद्वैतवादका सिद्धान्तमा अडिग रहेको पाइन्छ (भट्ट ,२०४५,श्लो.६१, पृ.२८८-२९०)।

ओमित्येकाक्षरं ब्रह्म व्याहरन् मामनुस्मरन्।

यः प्रयाति त्यजन् देहं स याति परमां गतिम्।। (सारोद्धार, अ. १६ ; श्लो १०८)

“शब्दब्रह्म अधीत्यैव परब्रह्माधिगच्छति” यो उक्ति अनुसार शब्दब्रह्मको राम्रोसँग अनुभव गरेर मात्र परब्रह्मको प्राप्ति सम्भव छ भनेका छन्।

यी सबै प्रमाणहरूले शब्दसत्ता भन्दा अलग अर्को सत्ता र शब्दसत्ताको सहयोग विना स्वतन्त्र सत्ता स्वीकार्न नसक्नु नै वैयाकरणहरूको ‘शब्दाद्वैतवाद’ हो। शब्दको महत्व पतञ्जलिले यसरी प्रस्तुत गरेका छन्।

एकः शब्दः सम्यक् ज्ञातः शास्त्रान्वितः सुप्रयुक्तः स्वर्गे लोके च कामधुग भवति।।

एउटै शब्द भएपनि राम्रोसँग जानेर, शास्त्रसम्मत शुद्ध प्रयोग गर्नाले यो लोक र परलोक पनि सप्रिन्छ (पतञ्जलि, सन् १९९९; पृ ६१२)।

## निष्कर्ष

प्रस्तुत शोधमा जीव, जगत र ईश्वरीय सत्ताको खोज गरी परमशान्तिसम्म पुग्ने उपायहरू के - के हुन् भन्ने जिज्ञासा पैदा गर्न गम्भीर विषयको उठान गरिएको छ। संस्कृत व्याकरण परम्पराका आचार्यहरूले शब्दलाई शब्दब्रह्म, अक्षरब्रह्म, नादब्रह्म, स्फोटब्रह्म आदि नामले व्यवहार गरेका छन्। त्यसकारण उनीहरू शब्दब्रह्मको सहारा नभएसम्म परब्रह्मको ज्ञान असम्भव बताउँछन्। अतः यसै कुरालाई सृष्टिको आदिमा “ॐ र अथ” यी दुई शब्द सृष्टिकर्ता ब्रह्मका मुखबाट निःस्वास सन्ततिका रूपमा निस्केका हुन् त्यसकारण यी दुई शब्दलाई मङ्गलसूचक, ज्ञानसूचक र परब्रह्मसँगको सम्बन्धका साधक पनि मानिन्छ। वस्तुतः सबै प्राणीमात्रको अन्तिम लक्ष्य सुख हो। सुखका दुई प्रकार छन्। १ सुख २ परमसुख। सुख क्षणिक र दुःखमिश्रित हुन्छ भने परमसुख त्यस्तो सुख हो जसको प्राप्ति भइसकेपछि फेरि अरू सांसारिक विषय प्राप्त गर्ने इच्छा नै रहँदैन । त्यसमा दुःख लेश मात्र पनि हुँदैन। त्यो सुखलाई नै मोक्षको संकेत गरेको उपर्युक्त परिभाषाहरूबाट बुझिन्छ। मोक्षका बाटाहरू धेरै भएता पनि गन्तव्य एउटै परमानन्दप्राप्ति बुझिन्छ। यसमा कसैको विमति देखिँदैन। सबैको अन्तिम इच्छा भनेको सुख हो। त्यो सुखमा दुःख मिसिएको हुनु हुँदैन। जुन सुख प्राप्तिपछि फेरि अरू विषयको इच्छा समूल नाश हुन्छ त्यो नै मोक्ष हो। मोक्षका लागि विभिन्न पूर्वीय दार्शनिकका मतमा निर्वाण, ब्रह्मलीन, शिवसायुज्य, स्वरूपप्राप्ति, गोलोक, साकेत, वैकुण्ठ त्रिपादविभूति, कैलाश, गणेशलोक, अपवर्ग, सायुज्य, सामीप्य, सार्स्टि, सालोक्य, सारूप्य, कैवल्य, आदि शब्दहरूको प्रयोग गरेको पाइन्छ। यस आलेखले स्फोट, शब्दब्रह्म, सनातन, मोक्ष, भक्ति, प्रपत्तिका सामान्य परिभाषा दिँदै व्युत्पत्ति र अर्थका माध्यमले आ–आफ्ना सिद्धान्त समेत स्थापना गरेका प्रमाणहरू प्रस्तुत गरिएको छ। यसै क्रममा भक्तिको स्वरूप, भक्तिको प्रत्यक्ष फल अप्रत्यक्ष फल र सनातन मोक्षका परिभाषाहरू देखाउँदै कलियुगमा परमशान्तिरूपी मोक्षको अनन्य साधन भक्ति,प्रपत्ति, परिपक्व भएर मात्र सम्भव हुन्छ भन्न खोजिएको छ।

## सन्दर्भसूची

आचार्य, श्रीनिवासः (सन् १९७६). *यतीन्द्रमतदीपिका.* वृन्दावन : श्रीरङ्गनाथ प्रेस।

देव, राजाराधाकान्त. (सन् २००२). *शब्दकल्पद्रुम.* पुनर्मुद्रण संस्करण, नईदिल्ली : राष्ट्रिय संस्कृत संस्थान।

देवर्षि, नारद. (सन् २०००). *नारदभक्तिसूत्र.* व्याख्याकार स्वामी अखण्डानन्द सरस्वती, मुम्बई : सत्साहित्य प्रकाशन ट्रस्ट विपुल, बी, जी खेर मार्ग मालाबाट हिल।

धर्मराज. (सन् १९६८). *वेदान्तपरिभाषा.* मुम्बई : श्रीवेङ्कटेश्वर स्टिम मुद्रणालय।

पतञ्जलि. (सन् १९९१). *व्याकरणमहाभाष्यम्.* दिल्ली : प्रतिभा प्रकाशन।

पाणिनि. (२०४०). *वैयाकरणसिद्धान्तकौमुदी.* मुम्बई : श्रीवेङ्कटेश्वर स्टिम मुद्रणालय।

पाण्डे रामाज्ञा. (सन् १९८७). *व्याकरण दर्शन पीठिका.* वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय।

भगवतगीता. (२०८०). गोरखपुर : गीताप्रेस।

भट्ट, नागेश. (२०५४). *परमलघुमञ्जूषा.* वाराणसी : कृष्णदास अकादमी।

भट्ट, कौण्ड. (२०४५) .*वैयाकरणभूषणसार.* वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय।

भट्टाचार्य, जगदीशतर्कालङ्कारः (सन् १९७८). *शब्दशक्तिप्रकाशिका.* वाराणसी : चौखम्बा विद्याभवन।

भर्तृहरि. (सन् १९९६). *वाक्यपदीयम्.* पुनर्मुद्रित संस्करण. वाराणसी : शिक्षण शोध प्रकाशन संस्था सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय।

व्यास. (२०५८). *श्रीमद्भागवमहापुराण.* गोरखपुर : गीताप्रेस।

व्यास. (सन् १९८९). *ब्रह्मवैवर्तपुराण.* प्रकृतिखण्ड. वाराणसी : चौखम्बा संस्कृत विद्याभवन।

व्यास. (२०५८). *गरुडपुराण.* प्रेतकल्प वाराणसी : बंबई पुस्तक भवन।